# नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा
# हातहतियार खरखजाना ऐन, २०१९ मा संशोधन

नेपाल सरकार

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# <u>नेपाल कानून (संशोधन) ऐन, २०२४</u>

<u>लालमोहर र प्रकाशन मिति</u>
२०२४।६।११

२०२४ सालको ऐन नं. १५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

<u>केही नेपाल कानूनमा संशोधन गर्न बनेको ऐन</u>

<u>प्रस्तावनाः</u> केही नेपाल कानूनमा संशोधन गर्न वाञ्छनीय भएकोले,

<u>श्री ५ महाराजाधिराज</u> महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> यस ऐनको नाम "नेपाल कानून (संशोधन) ऐन, २०२४" रहेको छ ।

(२) यो ऐनको दफा १, २ र ४ तुरुन्त र अरु दफा वा त्यसका अंश श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

..............................................................................

४. <u>रुपान्तरः</u> प्रचलित नेपाल कानूनमा प्रयोग भएका निम्नलिखित शब्दहरुको सट्टा निम्न लिखित शब्दहरु राखिएका छन्ः-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

..............................

(२) "गजेट" को सट्टा "राजपत्र"

(३) "रिपोर्ट" को सट्टा "प्रतिवेदन"

..................................

(८) "अपील" को सट्टा "पुनरावेदन"

.............................

(११) "अफिस" को सट्टा "कार्यालय"

(१३) "अफिसर" को सट्टा "अधिकृत"

(१४) "पुलिस" को सट्टा "प्रहरी"

................................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय